


वर्ष ४२ | अंक ४ | नेपाल राष्ट्र बैंक समाचार | पुस २०७४ | डिसेम्बर-जनवरी २०१७/२०१८

# गभर्नर डा. नेपालबाट ५३ औं SEACEN Governors' Conference/High Level Seminar तथा ३७ औं SEACEN Board of Governors' Meeting मा सहभागिता

गभर्नर डा. चिरंजीबि नेपाल बैंक अफ थाइल्याण्डले १५ देखि १७ डिसेम्बर, २०१७ मा आयोजना गरेको ५३ औं SEACEN Governors' Conference/High Level Seminar तथा ३७ औं SEACEN Board of Governors' Meeting मा सहभागी हुनुभयो ।

मूलतः Pursuing Stability in a World of Instability विषयमा केन्द्रित रहेको तथा SEACEN का सदस्य केन्द्रीय बैंकका गभर्नरहरु, कार्यकारी निर्देशकहरु र अन्य अतिथिहरुले भाग लिनुभएको SEACEN Governors' Conference/High Level Seminar मा सदस्य केन्द्रीय बैंकका गभर्नरहरुबीच भू-राजनैतिक चुनौती र यसले केन्द्रीय बैंकमा पार्ने प्रभावका सम्बन्धमा छलफल भयो । साथै, वित्त प्रकृति तथा वितरणमुखी चरित्रको मौद्रिक नीति, मौद्रिक नीति संचालनमा राजनैतिक प्रभाव तथा राजनैतिक अस्थिरताले आर्थिक विश्लेषणमा पर्ने प्रभावका सम्बन्धमा पनि छलफल भयो ।



यसैगरी Technological Innovations ले केन्द्रीय बैंकको काम कारवाहीमा पर्ने प्रभाव र यसले कसरी वित्तीय क्षेत्रको संचरनालाई परिवर्तन गर्दैछ भन्ने विषयमा समेत छलफल भयो । खासगरी Technological Innovations ले मूल्य, रोजगारी र उपभोगमा निकै प्रभाव पार्ने हुँदा वित्तीय सुपरिवेक्षक र नीति निर्माताहरुमा थपिएको चुनौतीका सम्बन्धमा विशेष छलफल भयो ।

उक्त सम्मेलनको शुरुआतमा Bank for International Settlements का General Manager Agustin Carstens ले Risks to Financial Stability विषयमा सम्बोधन गर्नुभएको थियो । JP Morgan Chase International का Chairman Jacob Frenkel ले Central Banking and the Global Economy विषयमा मन्तव्य दिनुभएको थियो ।

सम्मेलनको अन्तमा SEACEN सदस्य गभर्नरहरुले global financial crisis पश्चात् केन्द्रीय बैंकको mandates लाई revisit गर्नुपर्ने र वित्तीय स्थायित्वलाई मौद्रिक नीतिको संरचनामा एक हदसम्म समावेशगरिनुआवश्यक रहेको बताउनु भयो । उहाँहरुले लगातारको मुद्रास्फीति, असमान आर्थिक वृद्धि, बढ्दो वित्तीय असन्तुलन र पुँजी खातामा हुने अस्थिरताका सन्दर्भमा आर्थिक अस्थिरता वा कुनै आर्थिक धक्काबाट सुरक्षित रही कसरी मौद्रिक नीतिको प्रभावकारी कार्यान्वयन गर्ने भन्ने सम्बन्धमा पनि चर्चा गर्नुभयो । साथै, मौद्रिक नीतिको Mandate मा वित्तीय स्थायित्वलाई समावेश गर्नुपर्ने, Macroprudential उपायहरुको अवलम्बन गर्नुपर्ने, सम्बद्ध अन्य नीति निर्माता तथा नियामकहरुसँग आवश्यक सहयोग र समन्वय गर्नुपर्ने आवश्यकता औंल्याउनु भयो ।

यसैगरी ३७ औं SEACEN Board of Governors' बैठकले बैंक अफ थाइल्याण्डका Governor Veerathai Saniprobhob लाई बोर्डको अध्यक्षमा चयन गऱ्यो । बैठकले SEACEN को 2018 को financial budget स्वीकृति गऱ्यो । साथै, SEACEN को Blueprint for

बाँकी २ पेजमा

# गभर्नर डा. नेपालद्वारा साधारण सभालाई सम्बोधन

गभर्नर डा. चिरंजीबि नेपालले पुस ८ गते शनिवार ललितपुर महानगरपालिका १४, थसिखेलस्थित रानीबुँ बचत तथा ऋण सहकारी संस्था लिमिटेडको आठौं बार्षिक साधारणसभालाई प्रमुख अतिथिको रुपमा संबोधन गर्नुभयो ।



संबोधनमा गभर्नर डा. नेपालले सहकारी संस्थाहरुलाई वैज्ञानिक रुपले सञ्चालन गर्न सशक्त ऐनको आवश्यकता रहेको उल्लेख गर्नुहुँदै सहकारी संस्थाहरुको नियमन तथा सुपरिवेक्षणमा जोड दिनुभयो । नियमन गर्ने निकाय कमजोर भएमा त्यसैलाई आधार बनाउँदै कतिपय संस्थाले ठगी पनि गर्न सक्नेतर्फ इङ्गित गर्दै उहाँले सहकारी ऐन निर्माणको क्रममा नेपाल राष्ट्र बैंकले विभिन्न सुझावहरु दिएको स्मरण गर्नुभयो ।

गभर्नर डा. नेपालले सो सभामा सहकारीहरुलाई दोस्रो किसिमको नियमन निकाय बनाएर नियमन र सुपरिवेक्षण गर्न सकिने धारणा राख्नुभयो । आउँदा दिनमा सहकारी आन्दोलन राम्रो हुने आशा गर्दै उहाँले असल लगानीका क्षेत्रहरु पहिचान गरी लगानी विस्तार गर्न सल्लाह दिनुभयो ।

१ पेजको बाँकी

## गभर्नर डा. नेपालबाट...

Excellance 2020 लाई स्वीकृति प्रदान गर्नुका साथै यसको सफल कार्यान्वयनको अपेक्षा समेत राखेको थियो । यसैगरी बैठकमा Central Bank of Sri-Lanka ले आगामी 54th SEACEN Governors' Conference तथा 34th Meeting of the SEACEN Board of Governors', 2018 Sri-Lanka मा आयोजना गर्ने प्रस्तावलाई धन्यवाद सहित स्वागत गर्‍यो ।

गभर्नर डा. चिरंजीबि नेपालले कार्यक्रम अवधिका बीच SEACEN Central Banks का गभर्नरहरुसँग आपसी हित तथा द्विपक्षिय सहयोगका सम्बन्धमा छलफल समेत गर्नुभएको थियो । गभर्नर डा. नेपालका साथ जनशक्ति व्यवस्थापन विभागका का. मु. कार्यकारी निर्देशक डा. गोपालप्रसाद भट्ट तथा अनुसन्धान विभागका निर्देशक प्रदीपराज पौड्याल पनि उक्त कार्यक्रममा सहभागी हुनुभएको थियो ।

# विनियमावली संशोधन

नेपाल राष्ट्र बैंक कर्मचारी सेवा विनियमावली, २०६८ को तेस्रो पटक संशोधन भई कर्मचारी सेवा विनियमावली (तेस्रो संशोधन) २०७४ लागु भएको छ । साथै, नेपाल राष्ट्र बैंक खरिद विनियमावली २०७१ दोस्रो पटक संशोधन भई नेपाल राष्ट्र बैंक खरिद विनियमावली (दोस्रो संशोधन) २०७४ लागु भएको छ ।

# जोखिम व्यवस्थापन सम्बन्धी व्यवस्था

क, ख र ग वर्गका इजाजतपत्रप्राप्त संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७४ को इ. प्रा. निर्देशन नं ५/०७४ खारेज भई क, ख र ग वर्गको इजाजतपत्रप्राप्त संस्थाको कारोबारमा निहित कर्जा, संचालन, तरलता, बजार, ब्याजदर तथा विदेशी विनिमय लगायतको जोखिम व्यवस्थापनको सम्बन्धमा नयाँ निर्देशन जारी भएको छ ।

# सञ्चालक र कार्यकारी प्रमुखको योग्यता

बैंक तथा वित्तीय संस्थाका सञ्चालक र कार्यकारी प्रमुखको लागि आवश्यक योग्यता तथा कार्य अनुभव सम्बन्धी विनियमावली, २०७४ को विनियम ५ को खण्ड ख को उपखण्ड (अ) संशोधन गरी ग्रामीण विकास, कृषि र समाजशास्त्र विषयको स्नातक उपाधिलाई थप गरिएको छ ।

# ब्याजदर करिडोर सम्बन्धी कार्यविधि २०७४

२०७४/७५ को मौद्रिक नीतिमा उल्लिखित ब्याजदर कोरिडोरको व्यवस्थाहरुलाई समावेश गरी मिति २०७४।०७।१७ देखि ब्याजदर करिडोर सम्बन्धी कार्यविधि, २०७४ लागु भएको छ ।

# आचार्यलाई विद्यावारिधि



सहायक निर्देशक तथा नेपाल राष्ट्र बैंक समाचार पत्रिकाका पूर्व सम्पादक भागवत आचार्यले विद्यावारिधि उपाधि हासिल गर्नुभएको छ । नेपाल संस्कृत विश्वविद्यालयले नेपाली विषय अन्तर्गत "मोदनाथ प्रश्रितका प्रबन्धकाव्यमा दर्शन" शीर्षकमा उहाँले गरेको अनुसन्धानलाई अनुसन्धान परिषद्ले विद्यावारिधि उपाधि प्रदान गरेको हो । सहायक निर्देशक आचार्य मिर्मिरे पत्रिकाका पूर्व सम्पादक समेत हुनुहुन्छ । साहित्य सिर्जना तथा समालोचनाका क्षेत्रमा समेत क्रियाशील उहाँका आधा दर्जनजति कृति प्रकाशित छन् ।

उहाँलाई नेपाल राष्ट्र बैंक समाचार हार्दिक बधाई ज्ञापन गर्दछ ।

# डेपुटी गभर्नर शिवाकोटीद्वारा प्रयोगशाला उद्घाटन

डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले मंसिर ८ गते श्री जनता माध्यमिक विद्यालय, सुनवर्षा नगरपालिका–४, मोरङमा नेपाल एसबिआइ बैंकले सामाजिक उत्तरदायित्व अन्तर्गत वितरण गरेको कम्प्युटरहरुको हस्तान्तरण एवम् कम्प्युटर प्रयोगशालाको एक कार्यक्रमका बीच उद्घाटन गर्नुभयो ।




सो कार्यक्रममा मन्तव्य राख्दै डेपुटी गभर्नर शिवाकोटीले कम्प्युटर प्रयोगशालाको स्थापनाबाट विद्यार्थीहरुमा कम्प्युटर सम्बन्धी ज्ञान अभिवृद्धिमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । सो कार्यक्रममा डेपुटी गभर्नर शिवाकोटीका आमा/बुवाको स्मृतिमा स्थापित लक्ष्मीप्रसाद/कौशिलादेवी स्मृति पुरस्कारबाट विभिन्न समयमा उक्त मा. वि. बाट एस.एल.सी./एस.ई.ई.परीक्षामा सर्वोत्कृष्ट हुने छात्र/छात्रालाई पुरस्कृत पनि गरिएको थियो ।

कार्यक्रममा नेपाल एसबिआइ बैंकका प्रमुख कार्यकारी अधिकृत Anukool Bhatnagar लगायत उच्च पदस्थ कर्मचारीहरु, स्थानीय बुद्धिजीवी, पत्रकार, समाजसेवीहरु, विद्यालयका शिक्षक/शिक्षिका, कर्मचारी एवम् विद्यार्थीहरुका साथै नेपाल राष्ट्र बैंक विराटनगर कार्यालयका उपनिर्देशक डा. रामशरण खरेल एवम् गभर्नरको कार्यालयका सहायक निर्देशक प्रेमप्रसाद आचार्यको पनि उपस्थिति रहेको थियो ।

# आर्थिक चरहरूको प्रक्षेपण गर्ने Macroeconomic Model निर्माण सम्पन्न

नेपाल राष्ट्र बैंकले विभिन्न आर्थिक चरहरुको प्रक्षेपण गर्न सक्ने macroeconomic model को निर्माण सम्पन्न गरेको छ । दक्षिण कोरियाको केन्द्रीय बैंक 'द बैंक अफ कोरिया', दक्षिण कोरियाको योन्साय विश्वविद्यालय र नेपाल राष्ट्र बैंकले मंसिर ४ गते संयुक्त रुपमा काठमाडौंमा आयोजना गरेको 2017 Knowledge Partnership Program (KPP) - Final Seminar मा उक्त जानकारी दिइएको हो ।

२०१७ जुन महिनादेखि द बैंक अफ कोरियाको आर्थिक सहयोग तथा योन्साय विश्वविद्यालयको प्राविधिक सहयोग लिई शुरु गरिएको KPP कार्यक्रमले ६ महिनामा आर्थिक प्रक्षेपण गर्ने आधुनिक macroeconomic model को निर्माण सम्पन्न गरेको हो । नेपाली अर्थतन्त्रको मौलिक विशेषताहरुलाई ध्यानमा राखी निर्माण गरिएको यस macroeconomic model ले राष्ट्रको समष्टिगत माग (aggregate demand) र समग्र आपूर्ति (aggregate supply) सँग सम्बन्धित विभिन्न चरहरुको (variables) सही प्रक्षेपण गर्न सहयोग गर्नेछ । नेपालमा तथ्याङ्कहरुको सीमित उपलब्धता भएको व्यावहारिक कठिनाइको पृष्ठभूमिलाई ध्यानमा राखी निर्माण गरिएको यस log-linearized medium-scale model ले विप्रेषण आप्रवाह, कृषि क्षेत्र, भारतीय मुद्रास्फीति आदि जस्ता आर्थिक चरहरुलाई मध्यनजर गरी आर्थिक प्रक्षेपण गर्नेछ ।

KPP गोष्ठीको अध्यक्षता नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले गर्नुभएको थियो । उक्त कार्यक्रममा नेपाल राष्ट्र बैंक, अनुसन्धान विभागका कार्यकारी निर्देशक नरबहादुर थापाले नवनिर्मित macroeconomic model ले मौद्रिक नीति निर्माण लगायत बैंकका अन्य काम कारवाहीलाई अझ प्रभावकारी बनाउने कुरा बताउनु




भएको थियो । नेपाल राष्ट्र बैंकले सन् १९८० को दशकदेखि नै macroeconomic model हरु प्रयोग गरी आर्थिक प्रक्षेपण गर्दै आएको जानकारी दिँदै उहाँले यस्ता model हरुमा समसामयिक सुधार गर्दै गएमा थप प्रभावकारी हुने कुरा राख्नुभएको थियो । साथै, उहाँले द बैंक अफ कोरिया र योन्साय विश्वविद्यालयलाई नेपाल राष्ट्र बैंकको लागि राम्रो model निर्माण गर्न सहयोग गरेकोमा धन्यवाद पनि दिनुभएको थियो ।

उक्त कार्यक्रममा KPP का वरिष्ठ सल्लाहकार Mr. Haebang Chung ले मन्तव्य राख्नुभएको थियो भने योन्साय विश्वविद्यालयका प्राध्यापक Dr. Kiyoung Park ले KPP ले निर्माण गरेको macroeconomic model सम्बन्धमा प्रस्तुति दिनुभएको थियो । नेपाल राष्ट्र बैंक, अनुसन्धान विभागले पनि प्रस्तुति मार्फत् नेपालको अर्थतन्त्रको बारेमा प्रकाश पारेको थियो ।

# डेपुटी गभर्नर श्रेष्ठद्वारा APRACA EXCOM Meeting मा सहभागिता




डेपुटी गभर्नर तथा Asia Pacific Rural and Agricultural Credit Association (APRACA) का अध्यक्ष शिबराज श्रेष्ठ APRACA र National Bank for Agricultural and Rural Development (NABARD), India को संयुक्त आयोजनामा New Delhi, India मा 2017 डिसेम्बर १५–१८ मा आयोजित APRACA को ६९ औं EXCOM Meeting र Regional Policy Forum मा सहभागी हुनुभयो ।

उक्त Forum को उद्घाटन भारतीय अर्थमन्त्री अरुण जेटलीले गर्नुभएको थियो । उद्घाटन मन्तव्यमा उहाँले APRACA ले Asia Pacific क्षेत्रमा कृषि तथा ग्रामीण विकासको माध्यमबाट सामाजिक सशक्तिकरण र गरिबी निवारणमा पुऱ्याएको योगदानको प्रशंसा गर्दै कार्यक्रमको सफलताको कामना गर्नुभएको थियो । उद्घाटन समारोहमा भारतीय अर्थ सचिव राजीव कुमारको समेत सहभागिता रहेको थियो ।

दुई वर्षे अवधि (२०१६–१८) को लागि APRACA को अध्यक्ष रहनु भएका डेपुटी गभर्नर श्रेष्ठले APRACA को ६९ औं EXCOM Meeting को अध्यक्षता गर्नुभएको थियो । त्यस पूर्व International Forum on 'Role of Rural and Agriculture Finance to achieve Sustainable Development Goals' विषयक सेमिनारको उद्घाटन समारोहमा मन्तव्य राख्दै डेपुटी गभर्नर श्रेष्ठले APRACA ले Asia Pacific क्षेत्रमा कृषि विकास र गरिबी निवारणमा पुऱ्याएको योगदानको चर्चा गर्नुभएको थियो । उहाँले नेपालमा लघुवित्त वित्तीय संस्थाहरुबाट प्रवाहित लघुकर्जा विगत ५ वर्षमा ५ गुणा बढेको जानकारी दिनुहुँदै ग्रामीण क्षेत्रमा उद्यमशीलता प्रवर्द्वन गर्न र गरिबी न्यूनीकरण गर्न वित्तीय प्रणालीको अहम् भूमिका रहेको बताउनु भएको थियो । उहाँले संबोधनको क्रममा संयुक्त राष्ट्र संघले परिलक्षित गरेको दिगो विकास लक्ष्यहरु हासिल गर्न वित्तीय पहुँच पूर्वशर्तको रुपमा रहेको बताउँदै र नेपालले वित्तीय पहुँच एवम् वित्तीय समावेशिता प्रवर्द्वन गर्न नियमन व्यवस्थामा आवश्यकता अनुसार पुनरावलोकन गरिरहेको जानकारी समेत गराउनु भएको थियो ।

उक्त कार्यक्रममा लघुवित्त प्रवर्द्वन तथा सुपरिवेक्षण विभागका निर्देशक दयाराम शर्मा पंगेनीले Whether Private Sector-led Investment in Agriculture is the Answer to the Current Problems भन्ने विषयमा प्रस्तुति दिनुभएको थियो । उहाँहरु दुवैजना १९ डिसेम्बर २०१७ मा स्वदेश फर्कनु भयो ।

# बीमा कम्पनीहरुसँग AML/CFT सम्बन्धी अन्तरक्रिया

सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी ऐन, कानुनहरुको परिपालना एवम् रिपोर्टिङ कार्यमा बीमा कम्पनीहरुको कार्यान्वयन अवस्थाको सम्बन्धमा छलफल गर्ने उद्देश्यले मंसिर २८ गते नेपाल राष्ट्र बैंक, वित्तीय जानकारी एकाइको आयोजनामा बीमा कम्पनीहरुका प्रमुख कार्यकारी अधिकृतहरुलाई सहभागी गराई काठमाडौंमा एकदिने अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

उक्त कार्यक्रममा प्रमुख अतिथिको रुपमा सम्बोधन गर्दै बीमा समितिका अध्यक्ष चिरञ्जीवी चापागाईंले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धमा बीमा क्षेत्रबाट पालना गर्नुपर्ने नीति निर्देशनको कारणबाट सन् २०२० मा हुने तेस्रो पारस्परिक मूल्याङ्कनमा नेपालको रेटिङमा नकारात्मक असर नपुगोस् भन्ने तर्फ बीमा कम्पनीहरु चनाखो भई आ-आफ्नो तर्फबाट सकारात्मक भूमिका निर्वाह गर्नुपर्ने कुरामा जोड दिनुभयो । उहाँले वित्तीय जानकारी एकाइमा पेश गर्नुपर्ने प्रतिवेदनहरु समयमा नै पेश गर्न र गैरकानुनी तवरबाट आर्जन भएको धनलाई बीमा क्षेत्रबाट कुनै पनि बहानामा प्रवेश गर्न नदिन बीमा कम्पनीहरु सदैव चनाखो रहनु पर्ने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रमको अन्त्यमा समापन मन्तव्य दिनु हुँदै वित्तीय जानकारी एकाइका निर्देशक रामु पौडेलले मुलुकको समग्र हित र अन्तर्राष्ट्रिय चासो रहेको AML/CFT सम्बन्धमा कुनै पनि क्षेत्र लचिलो बन्न नहुने धारणा राख्नु भएको थियो । बीमा क्षेत्र वित्तीय क्षेत्र अन्तरगतको एक प्रमुख अंगको रुपमा रहेकोले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणमा बीमा क्षेत्रको भूमिका महत्वपूर्ण हुने र हरेक बीमा कम्पनीहरुले सम्बन्धित ऐन, नियम तथा नियामक निकायबाट जारी भएका निर्देशन कडाइका साथ पालना गर्नुपर्ने विचार उहाँले व्यक्त गर्नु भएको थियो ।

बीमा समितिका उपनिर्देशक पुजन ढुंगेलले "AML/CFT कार्यान्वयनको सम्बन्धमा बीमा कम्पनीहरुको दायित्व" र वित्तीय जानकारी एकाइका उपनिर्देशक देवेन्द्र गौतमले "बीमा कम्पनीहरुको AML/CFT Risk र STR/TTR Reporting अवस्था" विषयक कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । साथै, उहाँहरुले कार्यपत्र माथि सहभागीहरुबाट राखिएका जिज्ञासाहरुलाई पनि सम्बोधन गर्नु भएको थियो ।

कार्यक्रममा ४८ जनाको उपस्थिति रहेको थियो । कार्यक्रमको सञ्चालन सहायक निर्देशक श्री विनय सिग्देलले गर्नु भएको थियो ।

# सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण विषयक अन्तरक्रिया

सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धमा छलफल गर्ने उद्देश्यले मंसिर १९ गते नेपाल राष्ट्र बैंक, वित्तीय जानकारी एकाइले काठमाडौं उपत्यकामा केन्द्रीय कार्यालय रही सञ्चालनमा रहेका विकास बैंक तथा वित्त कम्पनीहरुका प्रमुख कार्यान्वयन अधिकृतहरु (Compliance Head) लाई सहभागी गराई काठमाडौंमा एकदिने अन्तरक्रिया कार्यक्रम सम्पन्न गर्‍यो ।



उक्त कार्यक्रममा प्रमुख अतिथिको रुपमा सम्बोधन गर्दै बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक नारायणप्रसाद पौडेलले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणमा वित्तीय क्षेत्रले खेल्नु पर्ने भूमिका माथि प्रकाश पार्दै आगामी सन् २०२०/०२१ मा हुने पारस्परिक मूल्याङ्कनमा राष्ट्रलाई कालोसूचीमा पर्नबाट बचाउनको लागि सम्बन्धित ऐन, नियम र नेपाल राष्ट्र बैंकले जारी गरेका निर्देशनहरुको कडाइका साथ पालना गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा छोटो मन्तव्य दिँदै वित्त कम्पनी सुपरिवेक्षण विभागका का. मु. कार्यकारी निर्देशक वासुदेव अधिकारीले AML/CFT सम्बन्धी निर्देशन बमोजिम वित्त कम्पनीहरुले समयमा नै सम्बन्धित निकायलाई Reporting गर्नुपर्ने र नेपाल राष्ट्र बैंकले जारी गरेका निर्देशनको पालना नगरे सुपरिवेक्षक कडाइका साथ प्रस्तुत हुने विचार व्यक्त गर्नुभयो ।

सोही कार्यक्रममा विकास बैंक तथा वित्त कम्पनीहरुको STR/TTR Reporting अवस्थाको सन्दर्भमा का. मु. उपनिर्देशक चन्द्रमणि निरौला र नेपाल राष्ट्र बैंकले जारी गरेको एकीकृत निर्देशन नं.१९/०७४ का सन्दर्भमा सहायक निर्देशक रविन्द्र भट्टराईले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । छलफलको क्रममा उठान भएका जिज्ञासाहरुको सम्बन्धमा वित्तीय जानकारी एकाइका निर्देशक रामु पौडेल, विकास बैंक सुपरिवेक्षण विभागका निर्देशक नरेश शाक्य, वित्त कम्पनी सुपरिवेक्षण विभागका निर्देशक विश्रुत थापा, वित्तीय जानकारी एकाइका उपनिर्देशकहरु श्यामकृष्ण दाहाल, देवेन्द्र गौतम, शरणकुमार अधिकारी र कृष्णराम धुँजुले संयुक्त रुपमा स्पष्ट पार्ने कार्य गर्नुभएको थियो ।

उक्त कार्यक्रममा उपनिर्देशक श्यामकृष्ण दाहालले स्वागत मन्तव्य एवं कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नु भएको थियो भने निर्देशक रामु पौडेलले समापन मन्तव्यको क्रममा विकास बैंक तथा वित्त कम्पनीहरुले AML/CFT का सम्बन्धमा आफ्ना सबै कर्मचारीहरुलाई सुसूचित गरी यस सम्बन्धमा एक आपसमा ज्ञान आदानप्रदान कार्यक्रमहरु आयोजना गर्न समेत सुझाव दिनुभएको थियो । कार्यक्रममा विकास बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक भुवन कँडेलको समेत सहभागिता रहेको थियो भने कार्यक्रमको सञ्चालन सहायक निर्देशक विनय सिग्देलले गर्नुभएको थियो ।

# AML/CFT सम्बन्धी छलफल सम्पन्न

वित्तीय जानकारी एकाइले कार्तिक ७ गते ‘क’ वर्गका वाणिज्य बैंकका AML/CFT सँग सम्बन्धित पदाधिकारीहरुको सहभागितामा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धमा काठमाडौंमा छलफल कार्यक्रमको आयोजना गर्‍यो ।

उक्त कार्यक्रममा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणको संवेदनशीलता तथा जारी भएका ऐन, नियम तथा निर्देशन अन्तरगत पूरा गर्नुपर्ने दायित्वका सम्बन्धमा विशेष छलफल भयो । छलफलको क्रममा उठेका विभिन्न समसामयिक जिज्ञासाहरुलाई सम्बोधन गर्नुहुँदै वित्तीय जानकारी एकाइका निर्देशक रामु पौडेलले बैंकहरुले पेश गर्ने शंकास्पद कारोवारको विवरण छिटो छरितो तरिकाले उपलब्ध गराउने र गुणात्मक भन्दा पनि गुणस्तरमा ध्यान दिनुपर्ने, विभिन्न सञ्चालन सम्बन्धी जोखिम न्यूनीकरण गर्न आवश्यक समन्वय गर्नुपर्ने लगायतका विषयमा निर्देशन दिनुभयो ।

सो छलफल कार्यक्रममा २८ वटै वाणिज्य बैंकका प्रमुख कार्यान्वयन अधिकृतहरु सहित कुल ३६ जनाको सहभागिता रहेको थियो ।

त्यसै गरी कार्तिक ८ गते निर्देशक पौडेल सहित वित्तीय जानकारी एकाइका अधिकृत तथा सहकारी विभागका पदाधिकारीहरुको सहभागितामा काठमाडौंमा सोही विषयमा छलफल कार्यक्रमको आयोजना भयो । उक्त छलफलमा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणको सिलसिलामा एक आपसमा सहयोग गर्नुका साथै सहकारी विभागले नियमन तथा सुपरिवेक्षण गर्ने संस्थाहरुलाई यस विषयमा जारी गर्ने निर्देशन निर्माण गर्न एकाइले सहयोग गर्नुका साथै वित्तीय जानकारी एकाइले विभिन्न समयमा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणको सम्बन्धमा आयोजना गर्ने तालिम, गोष्ठी तथा सेमिनारहरुमा सहकारी संस्थाहरुलाई समेत समावेश गर्ने विषयमा छलफल भयो ।

# बेसीशहरमा मूल्य तथ्याङ्क सम्बन्धी अन्तरक्रियात्मक कार्यक्रम

अनुसन्धान विभाग, मूल्य महाशाखाले लमजुङ जिल्लाको बेसीशहर बजार केन्द्रमा मंसिर २५ गते सोमबारका दिन "मूल्य तथ्याङ्क सम्बन्धी अन्तरक्रियात्मक कार्यक्रम" सम्पन्न गर्‍यो ।




उक्त कार्यक्रममा अनुसन्धान विभागका कार्यकारी निर्देशक नरबहादुर थापाले कुनै पनि मुलुकको आर्थिक स्थितिको मापन एवम् विश्लेषण गर्न विविध आर्थिक परिसूचकहरु जस्तै आर्थिक वृद्धिदर, मुद्रास्फीतिदर, विदेशी मुद्राको सञ्चिति, शोधनान्तर स्थिति, वैदेशिक व्यापार, सरकारी बजेट आदि महत्त्वपूर्ण हुने गरेको र यस किसिमका परिसूचक निर्माण गर्न विभिन्न किसिमका आर्थिक तथ्याङ्कहरुको आवश्यकता एवम् महत्त्वपूर्ण भूमिका रहने गरेको जानकारी गराउनु भयो । विश्वका अधिकांश केन्द्रीय बैंकहरुको प्रमुख उद्देश्य अर्थव्यवस्थामा मूल्य स्थिरता कायम राख्ने र शोधनान्तर स्थिति सुदृढ बनाउने गरी मौद्रिक नीति परिचालन हुने गरेको जस्तै नेपाल राष्ट्र बैंकले पनि मौद्रिक नीति निर्माण गर्दा मूल्य स्थिरता तथा शोधनान्तर सुदृढीकरणलाई प्रमुख लक्ष्य बनाउने गरेको उहाँले बताउनु भयो । हालसालै नेपाल राष्ट्र बैंकले लागु गरेको ब्याजदर करिडोर सम्बन्धमा अवगत गराउँदै उहाँले सोको प्रयोगबाट अल्पकालीन ब्याजदरमा हुने उतारचढाव नियन्त्रण भई समग्र बैंकिङ क्षेत्रको ब्याजदरमा स्थिरता आउने विश्वास रहेको जानकारी दिनुभयो ।

साथै, मूल्य तथ्याङ्कसँग सम्बन्धित विविध पक्षहरूका बारे संक्षिप्त वार्ता प्रस्तुत गर्नु भई कार्यक्रमका सहभागीहरूबाट उठेका जिज्ञासाहरूलाई सम्बोधन गर्नुभयो ।

यसअघि सो अन्तरक्रिया कार्यक्रम गर्नुको औचित्य पुष्टि गर्दै नेपाल राष्ट्र बैंकले लमजुङ बजार केन्द्र लगायतबाट मूल्य तथ्याङ्क संकलन गर्नुको उद्देश्य, तथ्याङ्क संकलनका विधिहरु, मूल्य तथ्याङ्कको उपयोग एवम् उपयोगिता लगायत मूल्य तथ्याङ्क सम्बन्धी अन्य विषयहरूमा केन्द्रित भई उपनिर्देशक दुर्गेशगोपाल श्रेष्ठले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यक्रममा लमजुङ उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष रामकुमार श्रेष्ठ, हिलसिटी कलेजका शिक्षक बेनबहादुर सुयल, जनविकास माध्यमिक विद्यालयका प्रधानाध्यापक खिला शर्मा धिताल तथा लमजुङ बजार केन्द्रका स्रोत पसलधनीहरूको उपस्थिति रहेको थियो । कार्यक्रमको सञ्चालन सहायक निर्देशक राजेन्द्रप्रसाद मैनालीले गर्नु भएको थियो ।

कार्यक्रमका सहभागीहरुले मन्तव्यको क्रममा नेपाल राष्ट्र बैंकले





नियमित रुपमा संकलन गर्दै आएको मूल्य तथ्याङ्कले मुलुकको समग्र मुद्रास्फीतिको मापन हुने र मूल्यको प्रभावबाट अर्थतन्त्रलाई जोगाउन बैंकले गर्दै आएको कार्यको प्रशंसा गर्नुका साथै सम्पूर्ण व्यवसायीहरूलाई बैंकले मागेको समयमा बिना हिच्किचाहट यथार्थ तथ्याङ्क दिन अनुरोध गर्दै यस किसिमको कार्यक्रमलाई आगामी दिनमा समेत निरन्तरता दिनुपर्ने सुझाव दिएका थिए ।

# वित्तीय मध्यस्थताको इजाजतपत्र रद्द

संस्था दर्ता ऐन, २०३४ बमोजिम मिति २०५०/१२/३० मा जिल्ला प्रशासन कार्यालय चितवनमा दर्ता भई नेपाल राष्ट्र बैंकबाट मिति २०५९/०३/२० मा वित्तीय मध्यस्थताको कारोबार गर्ने इजाजतपत्र प्राप्त महिला स्वावलम्बन समाज, भरतपुर १२, चितवनले बैंकबाट वित्तीय मध्यस्थताको कारोबार गर्ने इजाजतपत्र प्रदान गर्दा तोकिएका शर्तहरु बमोजिम् कार्य गरेको नदेखिएको हुँदा वित्तीय मध्यस्थताको काम गर्ने संस्था सम्बन्धी ऐन, २०५५ को दफा १९ वमोजिम उक्त संस्थालाई प्रदान गरिएको वित्तीय मध्यस्थताको कारोबार गर्ने इजाजतपत्र मिति २०७४/०८/१४ को निर्णय अनुसार रद्द गरिएको लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागले जनाएको छ ।

**नेपाल राष्ट्र बैंक समाचार www.nrb.org.np मा पनि पढ्न सकिन्छ ।**

# सिद्धार्थनगर कार्यालयमा छलफल कार्यक्रम

नेपाल राष्ट्र बैंक सिद्धार्थनगर कार्यालयले नेपाल सरकारको स्वामित्व रहेका बाणिज्य बैंकहरुका क्षेत्रीय कार्यालय प्रमुख तथा शाखा प्रबन्धकहरुसँग मंसिर २६ गते मंगलबार समसामयिक विषयमा छलफल सम्पन्न गऱ्यो ।



सो छलफलमा सिद्धार्थनगर कार्यालयका निर्देशक अशोककुमार पौडेलले सरकारी कारोबार गर्दा सरकारी बैंकले अपनाउनु पर्ने सजगता र समन्वयमा खेल्नु पर्ने भूमिकाको विषयमा चर्चा गर्दै बैंकिङ सेवा प्रभावकारी बनाउनु पर्ने विषयमा जोड दिनुभयो । उहाँले छलफलमा बाणिज्य बैंकका तर्फबाट राखिएका समसामयिक जिज्ञासाहरुलाई पनि सम्बोधन गर्नुभयो । सोही कार्यक्रममा उपनिर्देशक विज्ञानराज सुवेदीले नेपाल राष्ट्र बैंकको नोट कोष व्यवस्थापनको विषयमा आफ्ना धारणाहरु राख्नुभयो भने अर्का उपनिर्देशक सुबास आचार्यले स्थानीय निकायमा बैंकहरुको शाखा स्थापनाको प्रगति सम्बन्धमा जानकारी लिनुभयो ।

उक्त कार्यक्रममा कृषि विकास बैंक लिमिटेड क्षेत्रीय कार्यालयका प्रमुख तथा बैंकिङ कार्यालय देवकोटा चोक, धकधई, मंगलापुर र मझगावा शाखाका प्रबन्धकहरु, राष्ट्रिय बाणिज्य बैंक लिमिटेड सिद्धार्थनगर र कोटिहवा तथा नेपाल बैंक लिमिटेड सिद्धार्थनगर र मणिग्रामका शाखा प्रबन्धकहरुको सहभागिता रहेको थियो ।

## वनभोज कार्यक्रम

नेपाल राष्ट्र बैंक सिद्धार्थनगर कार्यालयका कर्मचारीहरुको सहभागितामा पुस १ गते शनिबार वनभोज कार्यक्रम सम्पन्न भयो । रुपन्देहीको तिलोत्तमा नगरपालिकामा रहेको वनबाटिकामा सम्पन्न सो बनभोज कार्यक्रममा विभिन्न मनोरञ्जनात्मक कार्यक्रमहरु पनि आयोजना गरिएको थियो । कार्यक्रममा सिद्धार्थनगर कार्यालयका निर्देशक अशोककुमार पौडेल, उपनिर्देशकत्रय विज्ञानराज सुवेदी, सुबास आचार्य र ऋषिराम बराल लगायत अधिकांश अधिकृत/कर्मचारीहरुको सहभागिता रहेको थियो ।

# जनकपुर कार्यालयमा अन्तरक्रिया कार्यक्रम

जनकपुर कार्यालयले स्थानीय बैंक तथा वित्तीय संस्थाहरूसँग समसामयिक विषयमा बैंकिङ तथा वित्तीय जानकारीका लागि एक अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको छ ।

सो अन्तरक्रियामा उपस्थित अधिकांश बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरूले बैंक सञ्चालनमा आएका समस्या र जोखिमले ल्याएका समस्याहरू अवगत गराएका थिए । उनीहरुले राष्ट्र बैंकका नीति/निर्देशनहरुको प्रचारप्रसार नहुँदा निक्षेपकर्ता तथा ऋणीलाइ सुसूचित गर्न कठिनाई भएको बताएका थिए । KYC/CDD/AML-CFT आदि र वित्तीय साक्षरता सम्बन्धी विषयमा तालिम वा अनुशिक्षणको आवश्यकता देखाउँदै उनीहरुले नेपाल राष्ट्र बैंकले नियमित तालिम तथा प्रशिक्षण पनि दिनुपर्ने धारणा राखेका थिए ।

कार्यक्रमको समीक्षात्मक टिप्पणी गर्दै निर्देशक रामप्रसाद गौतमले बैंकहरुलाई नोटको व्यवस्थापन तथा समयपालना र तथ्याङ्क सम्प्रेषण सम्बन्धमा निर्देशन दिनुभएको थियो । उहाँले नेपाल राष्ट्र बैंकले गर्ने अध्ययन अनुसन्धान र नीति तर्जुमाको चरणमा बैंक तथा वित्तीय संस्थाले प्रदान गर्ने सूचना तथा जानकारी र निक्षेपकर्ता/ऋणीबाट प्राप्त हुने धारणाको महत्त्वपूर्ण भूमिका रहने हुनाले सोको यथार्थ सम्प्रेषण गरिदिन समेत आव्हान गर्नुभएको थियो । जनकपुर कार्यालयका काम कारबाहीका बारेमा उठेका जिज्ञासाका सम्बन्धमा उपनिर्देशकहरु माधव दंगाल, वासुदेव भट्टराई र प्रल्हाद गिरीले स्पष्ट पार्नुभएको थियो ।



कार्यक्रममा राष्ट्रिय वाणिज्य बैंकका शाखा प्रमुख फौदबहादुर सुनुवारले सरकारी कारोबार वाणिज्य बैंकलाई दिइएपछि नोटकोषको अभाव खड्किएको बताउनु भएको थियो । सरकारी कारोबार गर्ने बैंक शाखामा नोट कोषको व्यवस्था गरिदिएमा कारोबार सञ्चालन गर्न सहज हुने तथा उपलब्ध Software सुस्त हुँदा सेवाग्राहीको लामो लाइन लाग्ने गरेकाले सोको समाधानतर्फ पहल गरिदिन अनुरोध गर्दै उहाँले रु. ५०० र रु १००० दरको नोटमा नक्कली नोट भेटिन थालेकाले नक्कली नोट पहिचान सम्बन्धी तालिम दिन आग्रह गर्नुभएको थियो ।

# जनकपुरमा ज्ञान आदानप्रदान कार्यक्रम

जनकपुर कार्यालयमा मंसिर २५ गते ज्ञान आदानप्रदान कार्यक्रमको आयोजना भयो । सो कार्यक्रममा सहायक निर्देशक पुष्करराज भट्टराईले सार्वजनिक संस्थानहरुको वर्तमान अवस्था: समस्या र चुनौतीहरु विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । जनकपुर कार्यालयमा ज्ञान आदानप्रदान कार्यक्रमको दोस्रो श्रृङ्खलाको रुपमा रहेको सो कार्यक्रममा सार्वजनिक संस्थान सुधारका लागि अधिकार सम्पन्न निकायको स्थापना हुनपर्ने धारणा उहाँले कार्यपत्र मार्फत् राख्नुभयो ।




निजीकरण समिति र निजीकरण एकाइ प्रभावकारी नहुनु, सरोकारवालाबीच नीतिगत सामञ्जस्यता र एकरुपता नहुनु, निजीकृत निकायको सम्पत्तिको संरक्षण र व्यवस्थापन हुन नसक्नु, निजीक्षेत्रको विकास र लगानीको वातावरणमा सुधार हुन नसक्नु आदि जस्ता कारणले नेपालका सार्वजनिक संस्थान सुधार हुन नसकेका हुन् भन्ने आफ्नो अध्ययनको निचोड सहायक निर्देशक भट्टराइले प्रस्तुत गर्नु भएको थियो । उहाँले सहभागीहरुले राखेका जिज्ञासाको उत्तर पनि दिनुभएको थियो ।

कार्यक्रममा जनकपुर कार्यालयका निर्देशक रामप्रसाद गौतमले ज्ञान आदानप्रदान कार्यक्रममा कर्मचारीहरूबीच समसामयिक आर्थिक, मौद्रिक, बैंकिङ तथा वित्तीय क्षेत्रमा भए गरेका विषयवस्तुको प्रस्तुति हुने भएकोले यसले दक्षता अभिवृद्धि तथा सीप विकासमा महत्त्वपूर्ण भूमिका खेल्ने कुरा बताउनु भएको थियो । कुनै कर्मचारीमा ज्ञान बाँड्ने सीप हुने र कुनैमा त्यसै ज्ञानको आवश्यकता रहने कुरा स्मरण गराउँदै उहाँले ज्ञान आदानप्रदान कार्यक्रमले ज्ञान लिने र दिने दुवैलाई फाइदा पुग्ने कुरा उल्लेख गर्नु भएको थियो । कार्यक्रममा जनकपुर कार्यालयका सम्पूर्ण कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

# पद तथा गोपनियताको सपथग्रहण



नेपाल राष्ट्र बैंक, विराटनगर कार्यालयका निर्देशक विनोदराज आचार्यले महुली सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड, सप्तरीको संचालक समितिका नवनियुक्त अध्यक्ष प्रभुनारायण चौधरीलाई मंसिर ११ गते पद तथा गोपनियताको सपथ ग्रहण गराउनु भयो । सोही अवसरमा निर्देशक आचार्यको रोहवरमा अध्यक्ष चौधरीले संचालक समितिका अन्य सदस्यहरुलाई समेत पद तथा गोपनियताको शपथ ग्रहण गराउनु भयो ।

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १२७ को उपदफा (२) बमोजम जिल्ला स्थित (उपत्यका बाहिर) प्रधान कार्यालय भएका क्षेत्रीय वा जिल्लास्तरीय बैंक तथा वित्तीय संस्थाहरुका संचालक समितिको अध्यक्षको हकमा उक्त क्षेत्रमा अवस्थित नेपाल राष्ट्र बैंकका निर्देशक समक्ष पद तथा गोपनियताको सपथ लिनु पर्ने व्यवस्था अनुसार यस्तो कार्यक्रम सम्पन्न भएको हो । सो अवसरमा निर्देशक आचार्यले नवनियुक्त सञ्चालकहरुलाई बधाई ज्ञापन गर्दै सुदृढ संस्थागत सुशासन, ग्रामीण क्षेत्रमा वित्तीय पहुँच अभिवृद्धि गर्नुको साथै लघुवित्त क्षेत्रमा गुणस्तरीय ऋण लगानी गर्न सुझाव दिनु भएको थियो ।

## समस्याग्रस्त अवस्थाबाट मुक्त

नेपाल राष्ट्र बैंकबाट मिति २०६९/०९/२३ मा समस्याग्रस्त घोषणा गरिएको कुबेर मर्चेण्ट फाइनान्स लिमिटेड, ज्ञानेश्वर काठमाण्डौ र मिति २०७१/१२/१६ मा समस्याग्रस्त घोषणा गरिएको ललितपुर फाइनान्स लिमिटेड, लगनखेल ललितपुरले बैंकको नीतिगत व्यवस्था बमोजिम चुक्तापुँजी र पुँजीकोष कायम गरेको, संस्थामा नयाँ लगानीकर्ताहरु प्रवेश गरी संस्थालाई सुचारु रुपमा संचालन गर्ने प्रतिबद्धता जाहेर गरेको तथा संस्था सुधारोन्मुख देखिएकोले मिति २०७४/०८/१९ को निर्णय बमोजिम उक्त दुवै संस्थाहरुलाई सशर्त समस्याग्रस्त अवस्थाबाट मुक्त गरिएको समस्याग्रस्त संस्था रिजोलुसन महाशाखाले जनाएको छ ।

# नेपाल राष्ट्र बैंक पूर्वकर्मचारी संघद्वारा स्वास्थ्य शिविर आयोजना

नेपाल राष्ट्र बैंक पूर्वकर्मचारी संघले बैंकिङ कार्यालय, थापाथली परिसरमा नेपाल क्यान्सर हस्पिटल एण्ड रिसर्च सेन्टरको सहयोगमा असोज २ गते क्यान्सर रोग सम्बन्धी सचेतनामूलक स्वास्थ्य कार्यक्रमको आयोजना गऱ्यो ।



अस्पतालका विज्ञ चिकित्सकहरूबाट क्यान्सर रोग सम्बन्धी सचेतनामूलक प्रस्तुति गरिएको सो कार्यक्रममा अस्पतालका कार्यकारी अध्यक्ष डा. सुदीप श्रेष्ठले अर्वुद रोग अर्थात् क्यान्सर शरीरको कुनै पनि भागमा लाग्न सक्ने सम्भावना औंल्याउनु हुँदै नेपाल लगायत विश्वमा क्यान्सर रोगीको संख्या वृद्धि भइरहेको जानकारी दिनुभयो । साथै, उहाँले क्यान्सर रोग उचित परीक्षणबाट समयमै पत्ता लगाउन सकिएमा निको हुनसक्ने र उपलब्ध उपकरण तथा सुविधाका कारण स्वदेशमै यसको सफल उपचार हुनसक्ने अवस्था रहेको धारणा राख्नुभयो ।

उक्त कार्यक्रममा स्त्रीरोग विशेषज्ञ डा. अन्जु श्रेष्ठ र हेमाटोलोजिष्ट तथा रक्त क्यान्सर विशेषज्ञ डा. अमित श्रेष्ठले पनि क्यान्सर रोगको रोकथामका लागि आवश्यक पूर्वसावधानी बारे अवगत गराउनु भएको थियो । कार्यक्रमको संयोजन अस्पतालका प्रशासकीय अधिकृत नवराज गौतमले गर्नुभएको थियो ।

थापाथलीमा आयोजित क्यान्सर सचेतनामूलक अन्तरक्रियात्मक कार्यक्रम पश्चात् नेपाल क्यान्सर हस्पिटल, हरिसिद्धिमा सहभागी सदस्य तथा तिनका परिवारको पाठेघर तथा प्रोष्टेट लगायतका ल्याव परीक्षण गरिएको थियो । उक्त अवसरमा अस्पतालको सहयोगका लागि संघका तर्फबाट अध्यक्ष भोलाराम श्रेष्ठले कार्यकारी अध्यक्ष डा. सुदीप श्रेष्ठलाई सम्मानपत्र प्रदान गर्नुभएको थियो ।



# नियुक्ति, पदस्थापन तथा कामकाज

प्रशासन सेवातर्फको सहायक निर्देशक (अधिकृत तृतीय) पदका लागि लिइएको लिखित परीक्षा तथा अन्तरवार्तामा सफल भई मिति २०७४/०९/०४ मा नियुक्त हुनुभएका सहायक निर्देशकहरुको विभिन्न विभाग तथा कार्यालयहरुमा पदस्थापन भएको छ ।

सहायक निर्देशकहरु पोष्टराज निरौला बैंकिङ कार्यालय (कामकाज विराटनगर कार्यालय), सुजन पोखरेल पोखरा कार्यालय, निकी महर्जन आन्तरिक लेखापरीक्षण विभाग, ज्ञानेन्द्र सुवाल जनकपुर कार्यालय, एरिका कोइराला गभर्नरको कार्यालय, डिना खड्का बैंकिङ कार्यालय, अनिल लामा वीरगञ्ज कार्यालय, रमिन श्रेष्ठ सिद्धार्थनगर कार्यालय, राहुल कनोजिया नेपालगञ्ज कार्यालय र यमबहादुर शाह धनगढी कार्यालयमा पदस्थापन हुनु भएको छ ।

## अवकाश

वित्त व्यवस्थापन विभागका कार्यकारी निर्देशक वामदेव सिग्देलले बैंक सेवाबाट अवकाश पाउनु भएको छ । ५८ वर्ष उमेर हदको कारण उहाँले अवकाश पाउनु भएको हो ।

नेपालगन्ज कार्यालयका सहायक निर्देशक (संचार) अरुणमान श्रेष्ठले ३० वर्ष सेवा अवधिको कारणले र वित्तीय जानकारी एकाइका कार्यालय सहयोगी प्रथम तेजकुमार अछामीले ५८ वर्ष उमेर हदको कारणले बैंक सेवाबाट अवकाश पाउनु भएको छ ।

## एकीकृत कारोबार

"क" वर्गको इजाजतपत्रप्राप्त संस्था सेञ्चुरी कमर्सियल बैंक लिमिटेडले "ख" वर्ग तीन जिल्लास्तरको अल्पाइन डेभलपमेण्ट बैंक लिमिटेड र "ग" वर्ग एक जिल्लास्तरको इजाजतपत्रप्राप्त वित्तीय संस्था सेती फाइनान्स लिमिटेडलाई सम्पूर्ण सम्पत्ति तथा दायित्व आफूमा सर्ने गरी प्राप्ति (एक्विजिशन) गरेको छ । उल्लिखित तीनवटा संस्थाहरुबाट सञ्चालन हुँदै आएको सम्पूर्ण वित्तीय कारोबार मिति २०७४/०८/२४ गते आइतबारका दिनदेखि सेञ्चुरी कमर्सियल बैंक लिमिटेडको नामबाट सञ्चालन भएको छ ।

## निधन

बैंकिङ कार्यालयका सहायक निर्देशक (कम्प्युटर) राजेशप्रसाद किजुको मिति २०७४/०७/०५ मा निधन भएको छ । नेपाल राष्ट्र बैंक समाचार शोक सन्तप्त परिवार प्रति हार्दिक समवेदना प्रकट गर्दछ ।

# देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति

**(आर्थिक वर्ष २०७४/७५ को चार महिनाको तथ्याङ्कमा आधारित)**

## आर्थिक परिदृश्य

घर, होटल तथा जलविद्युत परियोजनाहरुको निर्माण बढ्दो क्रममा रहेको छ । सिमेन्ट, आल्मोनियम बार, कोल्डरोड रोड सिट इन क्वाइल, एम.एस विलेट तथा रड जस्ता निर्माण सामग्रीहरुको आयातमा भएको वृद्धिबाट निर्माण कार्यले तीव्रता लिएको प्रतिबिम्बित हुन्छ । औद्योगिक क्षेत्रको क्षमता उपयोग बढेको देखिएको छ । सिमेन्ट, फलाम तथा स्टिल, जस्तापाता तथा तार जस्ता उद्योगहरुको उत्पादन उत्साहप्रद देखिन्छ । औद्योगिक कच्चापदार्थको आयात र उद्योगहरुमा बैंक तथा वित्तीय संस्थाबाट प्रवाहित कर्जाको विस्तारले औद्योगिक क्षेत्रको परिदृष्य सकारात्मक रहेको देखिन्छ । पर्यटक आगमनसँगै होटलहरुको अकुपेन्सीदरमा भएको वृद्धि एवम् होटल निर्माण कार्यले लिएको गतिले पर्यटन क्षेत्रको सकारात्मक परिदृष्य इङ्गित गर्दछ ।

मुद्रास्फीति केही बढेको छ । निर्यात भन्दा आयातमा उच्च वृद्धिको अलावा विप्रेषण आप्रवाहमा समेत कमी आएकोले चालू खाता घाटामा गएको छ । विदेशी विनिमय सञ्चिति पर्याप्त रहेकोले मुलुकको बाह्य क्षेत्रको अवस्था मजबुत नै रहेको छ । वित्तीय क्षेत्रतर्फ वार्षिक बिन्दुगत आधारमा कर्जाप्रवाह १७.५ प्रतिशत र निक्षेप परिचालन १४.९ प्रतिशतले वृद्धि भएको छ । स्थानीय, प्रदेश एवम् संघीय तहको निर्वाचन सफलतापूर्वक सम्पन्न भइसकेकोले खासगरी स्थानीय तहको सरकारी खर्च वृद्धि हुने अपेक्षा रहेको छ ।

## मुद्रास्फीति

वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ३.९ प्रतिशत कायम भएको छ । खाद्य मुद्रास्फीति २.३ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा खाद्य मुद्रास्फीति २.६ प्रतिशत रहेको थियो । गैर-खाद्य मुद्रास्फीति ५.१ प्रतिशत रहेको छ ।

क्षेत्रगत आधारमा उपभोक्ता मुद्रास्फीति हिमालमा ५.४ प्रतिशत, पहाडमा ४.७ प्रतिशत, तराईमा ३.७ प्रतिशत र काठमाडौं उपत्यकामा ३.२ प्रतिशत रहेको छ । नेपालको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ३.९ प्रतिशत र भारतको ४.९ प्रतिशत रहेकाले यी दुई मुलुक बीचको उपभोक्ता मुद्रास्फीति अन्तर १.० प्रतिशत रहेको छ । वार्षिक बिन्दुगत थोक मुद्रास्फीति दर ०.८ प्रतिशत रहेको छ ।

## वैदेशिक व्यापार तथा मूल्य सूचकाङ्क

कुल वस्तु निर्यात ७.५ प्रतिशतले वृद्धि भई रु. २६ अर्ब ३५ करोड पुगेको छ । भारततर्फ २ प्रतिशत, चीनतर्फ ३३.५ प्रतिशत र अन्य मुलुकतर्फ १३.३ प्रतिशतले निर्यात बढेको छ । कुल वस्तु आयात १०.८ प्रतिशतले बढेर रु. ३३४ अर्ब ३१ करोड पुगेको छ । भारतबाट भएको आयात १२.२ प्रतिशत र अन्य मुलुकबाट भएको आयात १७.४ प्रतिशतले बढेको छ भने चीनबाट भएको आयात ४.८ प्रतिशतले घटेको छ । कुल वस्तु व्यापार घाटा ११.१ प्रतिशतले बढी रु. ३०७ अर्ब ९६ करोड पुगेको छ । निर्यात-आयात अनुपात ७.९ प्रतिशतमा रहको छ ।

भन्सार तथ्याङ्कमा आधारित निर्यातको एकाइ मूल्य सूचकाङ्क (Unit Value Index) वार्षिक बिन्दुगत आधारमा १.२ प्रतिशतले वृद्धि भएको र आयात मूल्य सूचकाङ्क ४.६ प्रतिशतले बढेका कारण व्यापारको सर्त (Terms of Trade) ३.३ प्रतिशतले घटेको छ ।

## सेवा तथा विप्रेषण आप्रवाह

कुल सेवा आयमा ६ प्रतिशत र कुल सेवा खर्च १३.९ प्रतिशतले बढेको कारण खुद सेवा आय रु. २ अर्ब ५८ करोडले घाटामा गएको छ । सेवा खाता अर्न्तगत पर्यटन आय ३२ प्रतिशतले वृद्धि भई रु. २२ अर्ब ७२ करोड पुगेको छ ।

विप्रेषण आप्रवाहमा १.४ प्रतिशतले कमी आई रु. २२८ अर्ब ९५ करोडमा सीमित भएको छ । खुद ट्रान्सफर आय ०.३ प्रतिशतले घटी रु. २६४ अर्ब ५७ करोडमा सीमित भएको छ । वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या १ प्रतिशतले घटेको छ ।

## चालू खाता एवम् शोधनान्तर स्थिति

चालू खाता समीक्षा अवधिमा रु. २५ अर्ब ८१ करोडले घाटामा रहेको छ । समग्र शोधनान्तर रु. २ अर्ब ४० करोडले बचतमा रहेको छ । पुँजीगत ट्रान्सफर रु. ६ अर्ब ४२ करोड र प्रत्यक्ष वैदेशिक लगानी आप्रवाह रु. १० अर्ब १७ करोड रहेको छ ।

## विदेशी विनिमय सञ्चिति/पर्याप्तता सूचक

कुल विदेशी विनिमय सञ्चिति रु. ११०५ अर्ब ५२ करोड पुगेको छ । कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति रु. ९४८ अर्ब १८ करोड पुगेको छ । बैंक तथा वित्तीय संस्थाहरू (नेपाल राष्ट्र बैंक बाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति रु. १५७ अर्ब ३४ करोड पुगेको छ । कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २३.१ प्रतिशत रहेको छ ।

आर्थिक वर्ष २०७४/७५ को चार महिनाको आयातलाई आधार मान्दा बैकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले १३.५ महिनाको वस्तु आयात र ११.६ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ । विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादन, कुल आयात र विस्तृत मुद्राप्रदायसँगका अनुपातहरू क्रमशः ४२.५ प्रतिशत, ९६.४ प्रतिशत र ४०.९ प्रतिशत रहेका छन् ।

## सरकारी बजेट/खर्च/राजस्व/मौज्दात

नगद प्रवाहमा आधारित नेपाल सरकारको बजेट रु. ३२ अर्ब १५ करोडले बचतमा रहेको छ । नगद प्रवाहमा आधारित कुल सरकारी खर्च रु. १७६ अर्ब ७० करोड पुगेको छ । चालू खर्च रु. १५२ अर्ब १२ करोड पुगेको छ ।

बाँकी ११ पेजमा

१० पेजको बाँकी

## देशको वर्तमान...

पुँजीगत खर्च ५०.६ प्रतिशतले बढेर रु. १७ अर्ब ८६ करोड भएको छ। नेपाल सरकारको कुल राजस्व सङ्कलन १६.३ प्रतिशतले वृद्धि भई रु. १९५ अर्ब ४३ करोड पुगेको छ। स्रोत परिचालनको तुलनामा सरकारी खर्च न्यून भएकोले २०७४ कार्तिक मसान्तसम्ममा सरकारी ढुकुटीमा रु. ३०८ अर्ब ७४ करोड नगद मौज्दात कायम रहेको छ।

### मुद्राप्रदाय

विस्तृत मुद्राप्रदाय ४.२ प्रतिशतले बढेको छ। वार्षिक बिन्दुगत आधारमा २०७४ कात्तिक मसान्तमा विस्तृत मुद्राप्रदाय १३.९ प्रतिशतले बढेको छ। खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रु. २ अर्ब ४० करोड (०.२ प्रतिशत) ले बढेको छ। सञ्चित मुद्रा १४.३ प्रतिशतले घटेको छ। वार्षिक बिन्दुगत आधारमा २०७४ कात्तिक मसान्तमा सञ्चित मुद्रा १.९ प्रतिशतले बढेको छ।

### कुल आन्तरिक कर्जा

कुल आन्तरिक कर्जा ३.० प्रतिशतले बढेको छ। वार्षिक बिन्दुगत आधारमा २०७४ कात्तिक मसान्तमा यस्तो कर्जा १८.६ प्रतिशतले बढेको छ। मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावी ७.४ प्रतिशतले बढेको छ। वार्षिक बिन्दुगत आधारमा मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावी २०७४ कात्तिक मसान्तमा १७.५ प्रतिशतले बढेको छ।

### निक्षेप संकलन र कर्जा प्रवाह

बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप ४.८ प्रतिशतले बढेको छ। वार्षिक बिन्दुगत आधारमा २०७४ कात्तिक मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप १४.९ प्रतिशतले बढेको छ। २०७४ कात्तिकमा बैंक तथा वित्तीय संस्थाहरूको कुल निक्षेपमा चल्ति, बचत र मुद्दतीको अंश क्रमश: ७.९ प्रतिशत, ३६.२ प्रतिशत र ४२.३ प्रतिशत रहेको छ।

बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रमा प्रवाहित कर्जा ६.७ प्रतिशतले बढेको छ। निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंकहरूको कर्जा प्रवाह ६.५ प्रतिशत, विकास बैंकहरूको १०.२ प्रतिशत र वित्त कम्पनीहरूको १.१ प्रतिशतले बढेको छ। वार्षिक बिन्दुगत आधारमा २०७४ कात्तिक मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा १७.५ प्रतिशतले बढेको छ।

बैंक तथा वित्तीय संस्थाहरूको लगानीमा रहिरहेको कर्जामध्ये ६१.२ प्रतिशत कर्जा घर जग्गाको धितोमा र १४.५ प्रतिशत कर्जा चालू सम्पत्ति (कृषि तथा गैर-कृषिजन्य वस्तु) को धितोमा प्रवाह भएको छ। ट्रष्ट रिसिट (आयात) कर्जा ४३.६ प्रतिशत (रु.२८ अर्ब ११ करोड) ले वृद्धि भई रु. ९२ अर्ब ६४ करोड कायम भएको छ। हायर पर्चेज कर्जा ३.६ प्रतिशतले तथा ओभरड्राफ्ट कर्जा २.९ प्रतिशतले बढेको छ। त्यसैगरी, समीक्षा अवधिमा रियल स्टेट कर्जा (व्यक्तिगत आवासीय घर कर्जा समेत) ५.५ प्रतिशतले बढेको छ।

### तरलता व्यवस्थापन

आर्थिक वर्ष २०७४/७५ को चार महिनासम्ममा नेपाल राष्ट्र बैंकले रु. १२७ अर्ब २० करोड तरलता प्रशोचन गरेको छ। यसमध्ये, निक्षेप संकलन बोलकबोल (९० दिने, ३० दिने र १४ दिने) मार्फत् रु. ४२ अर्ब ४५ करोड तथा रिभर्स रिपोमार्फत् (टर्नओभरको आधारमा) रु. ८४ अर्ब ७५ करोड तरलता प्रशोचन भएको छ।

समीक्षा अवधिसम्ममा बैंक तथा वित्तीय संस्थाले रु. ५ अर्ब ५० करोड बराबरको स्थायी तरलता सुविधा उपयोग गरेका छन्।

आर्थिक वर्ष २०७४/७५ को चार महिनासम्ममा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरू) बाट अमेरिकी डलर २ अर्ब १ करोड ८७ लाख खुद खरिद गरी रु. २०० अर्ब ३३ करोड खुद तरलता प्रवाह गरेको छ।

### पुनरकर्जा

२०७४ कात्तिक मसान्तमा साधारण पुनरकर्जा रु. ७ अर्ब ५६ करोड २९ लाख र निर्यात पुनरकर्जा रु. ७५ करोड ४१ लाख गरी कुल रु. ८ अर्ब ३१ करोड ७० लाख पुनरकर्जा लगानीमा रहेको छ।

भूकम्प पीडितहरूलाई बढीमा २.० प्रतिशतसम्मको ब्याजदरमा आवासीय घर निर्माण कर्जा प्रदान गर्न नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्थाहरूलाई शून्य ब्याजदरमा पुनरकर्जा सुविधा उपलब्ध गराउने व्यवस्था अन्तर्गत २०७४ कात्तिक मसान्तसम्ममा रु. १ अर्ब १ करोड ३४ लाख पुनरकर्जा उपयोगमा रहेको छ।

२०७४ असोज मसान्तसम्ममा नेपाल सरकारबाट ५.० प्रतिशत ब्याज अनुदानमा प्रवाह गरिने कृषि तथा पशुपंक्षी व्यवसाय कर्जा ५९७४ जनाले उपयोग गरेका छन्। यस अन्तर्गत रु. ६ अर्ब ४५ करोड ८१ लाख कर्जा बक्यौता रहेको छ भने रु. ३१ करोड १० लाख ब्याज अनुदान प्रदान गरिएको छ।

### अन्तर-बैंक कारोबार/ब्याजदर

आर्थिक वर्ष २०७४/७५ को चार महिनामा वाणिज्य बैंकहरूले रु. ३२१ अर्ब १० करोड र अन्य वित्तीय संस्थाहरू (वाणिज्य बैंकहरूबीच बाहेक) ले रु. ७ अर्ब १८ करोडको अन्तर-बैंक कारोबार गरेका छन्। अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंकहरू र अन्य वित्तीय संस्थाहरूले क्रमश: रु. ४०० अर्ब ३३ करोड र रु. १२० अर्ब ७५ करोडको यस्तो कारोबार गरेका थिए।

२०७३ कात्तिकमा ९१-दिने ट्रेजरी विलको भारित औसत ब्याजदर ३.० प्रतिशत रहेकोमा २०७४ कात्तिकमा २.५५ प्रतिशत कायम भएको छ। वाणिज्य बैंकहरूबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर भने २०७३ कात्तिकको ३.५९ प्रतिशतको तुलनामा २०७४ कात्तिकमा २.६८ प्रतिशत रहेको छ। त्यसैगरी, वाणिज्य बैंकहरूको औसत आधार ब्याजदर २०७३ कात्तिकको ६.५५ प्रतिशतको तुलनामा २०७४ कात्तिकमा १०.११ प्रतिशत पुगेको छ।

### पुँजी बजार

नेप्से सूचकाङ्क २०७४ कात्तिक मसान्तमा १४८९.१ बिन्दुमा झरेको छ। धितोपत्र बजार पूँजीकरण रु. १,७२८ अर्ब ६८ करोड कायम भएको छ। आर्थिक वर्ष २०७३/७४ को कुल गार्हस्थ्य उत्पादनसँग बजार पूँजीकरणको अनुपात ६६.५ प्रतिशत रहेको छ।

# अन्तर्राष्ट्रिय तालिम/सेमिनार/गोष्ठी/मिटिङ आदिमा सहभागिता

अनुसन्धान विभागका कार्यकारी निर्देशक नरबहादुर थापा Reserve Bank of India ले November 22 देखि 24 सम्म आयोजना गरेको Observation Visit मा सहभागी हुनुभयो ।

बैंक सुपरिवेक्षण विभाग तथा सूचना प्रविधि विभागका निर्देशकहरु मुकुन्दकुमार क्षेत्री र शिवराम दवाडी IMF ले USA मा November 29 देखि December 1 सम्म आयोजना गरेको Cyber Risk Workshop: Regulatory Approaches मा सहभागी हुनुभयो ।

बैंकिङ कार्यालयका उपनिर्देशक हरिप्रसाद अधिकारी तथा सहायक निर्देशकहरु केदारप्रसाद अधिकारी र रामशरण सिंह UOB Bank Of Singapour ले Singapour मा December 11 देखि 12 सम्म आयोजना गरेको Visit to UOB Cash Processing Centre मा सहभागी हुनुभयो ।

संस्थागत योजना विभाग र बैंक तथा वित्तीय संस्था नियमन विभागका उपनिर्देशकहरु क्रमशः गोविन्दप्रसाद नागिला र अशोक घिमिरे RBI Staff College ले India मा December 11 देखि 15 सम्म आयोजना गरेको Banking Regulation Changing Contours सम्बन्धी कार्यक्रममा सहभागी हुनुभयो ।

वित्तीय जानकारी एकाइका उपनिर्देशक शरणकुमार अधिकारी United Nations Office on Drugs & Crime ले Srilanka मा December 12 देखि 14 सम्म आयोजना गरेको Countering the Financing of Terrorism & the Proliferation of Weopons of Mass Destruction through Effective Asset Freezing सम्बन्धी कार्यक्रममा सहभागी हुनुभयो ।

उपनिर्देशकहरु मुद्रा व्यवस्थापन विभागका लोकेन्द्रप्रसाद अर्याल, आन्तरिक लेखापरीक्षण विभागका रमेशराज सिग्देल, सामान्य सेवा विभागका मीनाकुमारी कोइराला र पोखरा कार्यालयका बृहस्पति अधिकारी Bank Of Philipines ले Philippines मा December 12 देखि 15 सम्म आयोजना गरेको General Central Banking सम्बन्धी कार्यक्रममा सहभागी हुनुभयो । मुद्रा व्यवस्थापन विभागका सहायक निर्देशकहरु रवि भण्डारी, प्रकाश घिमिरे, शिवशंकर श्रेष्ठ र भैरवराज पन्त, सूचना प्रविधि विभागका सहायक निर्देशक सुरेश पौडेल, आन्तरिक लेखापरीक्षण विभागका सहायक निर्देशकहरु दुर्गाराज काफ्ले र मनोहरप्रसाद भट्टराई, बैंकर्स प्रशिक्षण केन्द्रका सहायक निर्देशक पुरुषोत्तम दाहाल, बैंकिङ कार्यालयका सहायक निर्देशकहरु तेजबहादुर गिरी, रमेशकृष्ण खरेल, संजीवकुमार राउत, जीतबहादुर थापा, एकराज सुवेदी, सिर्जना रेग्मी, मेघप्रसाद लामिछाने र दिलिपकुमार कोर्मोचा, सामान्य सेवा विभागका सहायक निर्देशकहरु मोहनप्रसाद सापकोटा, अमिरमान शाक्य, अशोककुमार रिमाल, रमेशप्रसाद चौलागाईं र तुलसीराम गुरागाईं पनि सो कार्यक्रममा सहभागी हुनुहुन्थ्यो ।

त्यसैगरी, सहायक निर्देशकहरु विराटनगर कार्यालयका कुमारप्रसाद सत्याल, सिद्धार्थनगर कार्यालयका कुमुदकुमार बर्मा, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका भानुभक्त जोशी र जनकपुर कार्यालयका उदयकुमार मण्डल तथा सामान्य सेवा विभागका प्रधान चालक दिपकप्रसाद पन्त पनि सो कार्यक्रममा सहभागी हुनुभएको थियो ।

वित्त व्यवस्थापन विभागका उपनिर्देशक देवराज वाग्ले ISCB ले Turkey मा December 18 देखि 22 सम्म आयोजना गरेको Islamic Banking सम्बन्धी कार्यक्रममा सहभागी हुनुभयो ।

अनुसन्धान विभागका सहायक निर्देशक मनोजकुमार के.सी. Deutsche Bundesbank ले Germany मा November 20 देखि 24 सम्म आयोजना गरेको Implementation Monetary policy- Cource Level II मा सहभागी हुनुभयो ।

अनुसन्धान विभागका सहायक निर्देशक मेदनीप्रसाद पोखरेल IMF-STI ले Singapore मा November 20 देखि December 1 सम्म आयोजना गरेको Monetary & Fiscal Policy Analysis with DSGE Models विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

बैंकिङ कार्यालयका सहायक निर्देशक बिष्णुबहादुर श्रेष्ठ Jica ले Japan मा December 9 देखि 19 सम्म आयोजना गरेको Japanese ODA Loan Seminar For South Asian Region मा सहभागी हुनुभयो ।

बैंक तथा वित्तीय संस्था नियमन विभागका सहायक निर्देशक जगदिशकुमार AIT ले Thailand मा December 11 देखि 15 सम्म आयोजना गरेको CGF Policies, Processes and Procedures सम्बन्धी कार्यक्रममा सहभागी हुनुभयो ।

**प्रकाशक**
नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा
बालुवाटार, काठमाण्डौं, फोन : ४४१९८०४, Ext.: १४०/३६२
ईमेल : samachar@nrb.org.np, वेवसाईट : www.nrb.org.np

**सम्पादक**
शम्भुनाथ ढुङ्गाना

**सम्पादन सहयोगी**
सुरेश पन्त
समिता श्रेष्ठ
नवीना ताम्राकार

मुद्रण : अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन, अनामनगर, काठमाडौं, फोन नं. ०१-४२६७५१८, ४२६८११६